## रतुवामाई नगरपालिकाको मिति : २०७६/०३/१० गतेको नगरसभामा नगर उपप्रमुख श्री दयन्त देवी चुडालज्यूले प्रस्तुत गर्नु भएको वार्षिक नीति तथा कार्यक्रम

**मन्तव्य :**

**रतुवामाई नगरपालिकाको यस गरिमामय नगरसभाका अध्यक्षज्यू ,**
**नगरसभाका सदस्यज्यूहरु ,**
**नगरपालिकाका कर्मचारीहरु ।**

रतुवामाई नगरको विकासमा थुप्रै सम्भावनाहरु बोकेर एक समृद्ध नगरको विकासको पथमा लम्कीरहेको यस नगरपालिकाको तेश्रो वार्षिक गरिमामय यस नगरसभामा आ.ब. ०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम यहाँहरु माझ प्रस्तुत गर्न पाउंदा अत्यन्तै गौरवान्वित महसुस भएको छ । हामी निर्वाचित भई आएको दोश्रो वर्ष पुरा भई तेश्रो वर्ष लाग्दा नगरवासीवाट पाएको अगाध माया र सम्मानवाट गौरवान्वित भएका छौ । । जनताले आफ्नो सरोकारको विषयमा आफैं निर्णय गर्न पाउने आजको अवस्थाको सिर्जना गर्ने महान् शहिदहरुको अमूल्य योगदान रहेकोले यस महत्वपूर्ण दिनमा म विभिन्न समयमा देशको राजनीतिक तथा सामाजिक परिवर्तनको लागि आफ्नो अमुल्य जीवन आहुती दिनु हुने महान् शहिदहरूको सम्झना गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै नगरवासीहरुले सुम्पिएको अति महत्वपूर्ण जिम्मेवारीलाई पुरा गर्ने क्रममा समृद्ध नेपाल, सुखि नेपालीको सपना साकार पार्न नगरपालिकाले लिने मुख्य नीतिहरु सभा समक्ष प्रस्तुत गर्न पाउदा मेरो मन हर्षित भएको छ ।

**नीति तथा कार्यक्रमका आधारहरु :**

रतुवामाइ नगरपालिकाको आगामी आ.व. २०७६ /०७७ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा संघीय तथा प्रदेश सरकारले लिएको लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादत र्फको यात्रा, वर्तमान सरकारले लिएको “समृद्ध नेपाल सुखी नेपाली” बनाउने दीर्घकालीन उ द्देश्य र विकासको क्रममा आर्थिक, सामाजिक र मानव विकासका दृष्टिले पछाडि परेका समुदायहरूलाई प्राथमिकतामा राख्दै नगरवासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ । सवै स्थानीयतहहरुमा आ–आपनै समस्या, चुनौती ,जोखिम र अवसरहरु रहेको हुन्छ । रतुवामाइ नगरपालिका यसको अपवाद हुन सक्दैन । हामीले विभिन्न समस्या र चुनौतिको वावजुद जनतालाइ केन्द्र विन्दुमा राखेर शासन संचालन गर्नुपर्छ भन्ने मान्यतालाइ आत्मसात गर्दै नगरवासीको उन्नती प्रगती र समृदी हासिल गर्ने दिशामा नीति तथा कार्यकम केन्द्रीत गरेका छौ । यस नगरपालिका भित्रका अवसरहरुलाई सिमित स्रोत साधनको प्रयोग गर्दै आर्थिक सामाजिक प्रगति हासिल गर्ने दिशामा हामी सदैव तत्पर रहने छौ ।सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले रतुवामाइ नगरपालिका को कार्यहरूमा पारदर्शिता , आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ। स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ। नगर निर्माणको कार्यमा समुदाय , सहकारी, गैरसरकारी तथा निजी क्षेत्र, प्रदेश तथा संघीय सरकार लगायत साझेदार संघसंस्थाहरूको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरूलाई प्राथमिकता दिइ नीति तथा कार्यक्रम तय गरिएको छ। अघिल्लो वर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मूर्त रुप दिनको लागि नगरपालिकाले केही ऐन, कार्यविधि निर्माण गर्नुका साथै दीर्घकालीन महत्वका कार्यहरूको सुरुवात भएको जानकारी गराउँन चाहन्छु। यस नगरपालिकाको नीति, योजना तथा कार्यक्रमहरू पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानुनी प्र बन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न नगरसभा, नगरकार्यपालिका, प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरू, वडा अध्यक्षहरु, नगरकार्यपालिकाका सदस्य तथा वडा सदस्य हरु, विज्ञ सल्लाहकारहरू र आवश्यकता अ नुसारको विषय क्षेत्रगत कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ। नगरद्धारा सम्पादित कार्यहरूमा स्थानीय राजनीतिक दल , बुद्धिजीवि, स्वयंसेवी, नागरिक समाजको भूमिका अझ महत्वपूर्ण रहेको छ।

यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार सञ्चािलन ऐन२०७४, विभिन्न विषयगत कानुनहरू, रतुवामाइ नगरपालिकाको आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम , नेपाल सरकारको नीति तथा कार्यक्रम , प्रदेश सरकारवाट प्राप्त सुझाव तथा मार्गदर्शन चालु आवधिक योजना , दिगो विकास लक्ष्य र विभिन्न व्यक्तित्वहरूबाट प्राप्त सुझा वहरू समेतलाई आत्मसात गरी आ.व. २०७६ /०७७ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। नगरपालिकाका आवश्यकता तथा नगरवासीको चाहनालाई आत्मसात गर्दै विकासका क्षेत्रमा केही नयाँ अवधारणा तथा असल अभ्यासहरूलाई निरन्तरता दिई योजना तथा कार्यक्रमहरूको सञ्चा७लन गरिनेछ। आर्थिक वर्ष २०७६/०७७ पूर्वाधारयुक्त व्यवस्थित कृषि नगरको परिकल्पनामा आधारित योजना तथा कार्यक्रमहरू सञ्चालनको वर्षको रुपमा परिलक्षित गरिएको छ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु :**

अब म यस नगरपालिकाले चालु आ.ब. ०७६/०७७ को लागि लिने नीति तथा कार्यकमहरु बुँदागत रुपमा यहाँहरु माझ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.पूर्वाधार विकास तर्फ :**

- अल्पकालीन एवं दीर्घकालीन विकासका योजना छनोट एवं प्राथमिकीकरणमा आवधिक नगर विकास योजना , तथा नगर विकास गुरुयोजनालाई आधार मानिनेछ।

- नगरस्तरीय योजना छनोट गर्दा दीर्घकालीन रुपमा प्रभाव पार्ने योजनाहरूलाई छनोट गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

- नगर क्षेत्र भित्रका प्रमुख सडकहरुलाई मर्मत सम्भार गरि बाह्रै महिना यातायात संचालन हुने बनाउन प्राथमिकता दिईने छ । सडक निर्माण तथा मर्मतको लागि अन्य सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गरिनेछ ।
- यस नगरपालिकाको विभिन्न स्थानलाई जोड्नको लागि रतुवामाई रिङरोड परियोजनालाई निरन्तरता दिइने छ ।
- एकिकृत नगर विकास योजनाको आधारमा सडक क्षेत्रको नगर यातायात गुरुयोजनाले निर्दिष्ट गरे बमोजिम प्राथमिकता प्राप्त सडकहरुको स्तरोन्नती र कालोपत्रे गर्दै लगिनेछ ।
- भौतिक विकासका कार्यलाई बालमैत्री, अपाङ्गमैत्री, वातावरण मैत्री तवरवाट संचालन गरिनेछ ।
- रतुवा र बकाहा नदीको दुबै किनाराको उत्तरी सीमा देखि दक्षिणी सीमा सम्म विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको सहयोगमा तटवन्धन तथा बृक्षारोपण गर्दै Green Belt को रुपमा विकास गरी वस्ती जोखिम न्यूनिकरण गर्दै लगिनेछ ।

- संघ प्रदेश तथा जिल्ला समन्वय समितिको सहकार्यमा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य अगाडि बढाइनेछ।

- नगर क्षेत्रका मुख्य सडकमा रात्रिकालीन समयमा पनि आवागमनलाई सहज पार्न सडक वत्ती , सौर्यवत्तीको व्यवस्थापनमा जोड दिइनेछ।

**२. कृषि/पशुपंछी सम्बन्धी नीति :**

- कृषि र पशुपालनको क्षेत्रमा स्थानीय क्षमता तथा बजारको सम्भाव्यताको अध्ययन गरी कृषिको व्यवसायीकरणमा जोड दिइनेछ। नगरपालिकाभित्र खेतीयोग्य जमिनको अवस्थाबारे विस्तृत अध्ययन गरी वैज्ञानिक तथ्यसहित खेतीबालीको प्रजाति प्रयोग गर्न किसानलाई सिफारिस गरिनेछ ।
- जैविक एवं प्राङ्गारिक उत्पादनयुक्त नगरपालिका वनाउने कार्यका लागि संघ तथा प्रदेश सरकारका निकायहरू गैससको सहकार्य र विकासका साझेदारहरुसँगको समन्वयमा जोड दिइनेछ ।
- कृषि सम्भाव्य वडालाई विशेष कृ''षि क्षेत्रघोषणा ग ''र्न निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- नगरपालिका भित्रको बाँझो जमिनलाई सदुपयोग गर्न नगदेबालीलाई प्रोत्साहन गरिनेछ।
- प्रांगारिक वेमौसमी तरकारी खेती, स्थानीय कृषि तथा फलफूल उत्पादन र बजारीकरणलाई प्राथमिकता दिइने छ। समय तालिका बनाई नगरक्षेत्र भित्र माटो परीक्षण शिविरलाइ निरन्तरता दिइने छ।
- स्थानीय उत्पादन एवं उत्पादकत्व बृद्धि गर्न , कृषकहरूलाई प्रोत्साहन गर्न र उपभोक्ताको चेतना अभिवृद्धि गर्नका लागि कृषि मेला प्रदर्शनीको आयोजना गर्न पहल गरिनेछ।
- पशुपालनसँग सम्बन्धित कृषक सम्बन्धित निकाय र ,विमा कम्पनीसँग समन्वय गरी पशु विमा कार्यक्रम सञ्चाशलन गरिनेछ।
- पशुपालन क्षेत्रको विकासमा कृषक समूह/समिति/सहकारी/गैह्र सरकारी संस्थासँग साझेदारी गरिने छ।
- नगरलाई दुग्ध तथा दुग्धजन्य पदार्थमा आत्म निर्भर बनाउदै लैजान दुग्ध पकेट कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चागलन गरिने छ।
- पशुधनको क्षति न्यूनीकरणको लागि रोग नियन्त्रण खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर सञ्चाालनमा जोड दिइने छ।
- शित भण्डार निर्माणको लागि आवश्यक प्रकृयाको थालनी गरिनेछ।

- कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ। सिंचाई, मलखाद, वीउविजनको उपलब्धतामा सुधार गरिनेछ।
- नगर क्षेत्र भित्र रहेका सम्पूर्ण कुलो पैनीहरुलाई सुधार गर्दै वर्षै भरि सिंचाई हुन सक्ने गरि व्यवस्थापन गर्दै विद्युतिय, सोलार सिचाई प्रणालीलाई प्राथमिकता दिईनेछ।
- यस नगर क्षेत्र भित्र रहेका नदि किनाराका प्रयोगमा नआएका जमिनहरुमा बगर खेती गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।
- पशुपालन व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गर्ने कार्यलाई सहयोग पुग्ने किसिमका कार्यक्रम संचालन गर्दै लगिनेछ।
- नगरपालिकाको सम्पूर्ण क्षेत्रमा कृषि तथा पशु क्षेत्रको प्राविधिक सेवा विस्तार गर्दै यान्त्रिकरणमा जोड दिईनेछ।
- वर्षे धानको समस्यालाई मध्यनजर गर्दै यान्त्रिकरण (डायर मेशीन) का लागि संघ/प्रदेश सरकार/गैसस/सहकारी संस्था समेतको साझेदारीमा आवश्यक व्यवस्थापन गरिनेछ।

**३. विद्युत तर्फ :**

- नेपाल विद्युत प्राधिकरणसँगको समन्वय र सहकार्यमा आगामी एक बर्ष भित्र यस नगरपालिकाको सबै स्थानहरुमा सेवाको गुणस्तर सुधार गर्दै विद्युत सेवा पुऱ्याउन आवश्यक गृहकार्य गरिनेछ।

- बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र र अन्य सम्बन्धित निकायहरुसंग समन्वय गरी बैकल्पिक उर्जाको उत्पादन र प्रर्वद्धन कार्यलाई बढवा दिईनेछ ।

- विद्युतिकरणको माध्यमवाट सम्पूर्ण खेतियोग्य जमिनमा आधुनिक कृषि उपकरण सञ्चालनको व्यवस्था मिलाईनेछ ।

**४. जलवायू परिवर्तन अनुकुलन तथा वातावरण संरक्षण सम्बन्धि नीतिः**

- नगर क्षेत्रमा उपलब्ध खाली जग्गामा बृक्षारोपण गरि वन क्षेत्रको विकासलाई बढवा दिने नीति लिईनेछ ।
- वातावरण तथा जलवायुमैत्री कार्यक्रम गरिनेछ ।

**५. पर्यटन तथा संस्कृति तर्फ :**

- नगर क्षेत्र भित्रका सुनवर्षी पोखरी क्षेत्र, भल्कुवा जंगल क्षेत्र सुनमहारानी पोखरी क्षेत्र, स्व. मदन भण्डारी आश्रम, जनता वाँध कट्नु सिमसार, सोनामाई लगायत सम्भावित पर्यटकीय स्थलहरुको प्रबर्द्धन र विकासको लागि संघ, प्रदेश सरकार र सरोकारवाला निकायहरु सग समन्वय गरिनेछ ।
- स्थानीय कला, संस्कृति, भाषा र सम्पदाको संरक्षण र विकासलाई जोड दिईनेछ ।
- मुस्लीम धर्मावलम्वीहरुको पर्व ईद, वकर ईद र सन्थाल जातीहरुको पर्वमा विदा दिईनेछ ।
- दिनाभद्री, सिरुवा, चडकवान, चासोक तङ्नाम, उधौली, उभौली, ल्होसार लगायत आदीवासी जनजातीहरुको पर्व तथा संस्कृतिलाई जर्गेना गर्न आवश्यक पहल कदमी गरिनेछ ।

**६. शिक्षा तर्फ :**

- विद्यमान शैक्षिक बेरोजगार घटाउन , उद्यमशीलताको विकास गर्न र रोजगारीको सिर्जना गर्न नगर क्षेत्रका विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनमा जोड दिइनेछ ।

- नगरक्षेत्रभित्र शैक्षिक संस्था सञ्चालनको अनुमति दिने प्रक्रियालाई व्यवस्थित र वैज्ञानिक बनाइनेछ । विद्यालयको भौतिक अवस्थामा सुधार ल्याउँदै शैक्षिक गुणस्तरमा जोड दिइनेछ ।

- माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा हुने विभिन्न किसिमका स्वास्थ्य समस्याको न्यूनीकरण गर्दै स्वास्थ्य शिक्षालाई सवल बनाउ न नियमित रुपमा माध्यमिक विद्यालयमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

- प्राविधिक रोजगारमूलक एवं ,सिपमूलक ,व्यवसायिक ,नैतिक शिक्षाको विकास गर्दै लैजाने नीति अवलम्बन गर्नुका साथै सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गरिनेछ ।

- कक्षा कोठाको शिक्षण सिकाईलाई बालमैत्री तथा आधुनिक प्रविधिमैत्री बनाउँदै लैजाने तर्फ कार्यक्रमहरू लक्षित गरिनेछ ।

- सामुदायिक विद्यालयमा पठनपाठन संस्कृतिको विकासका लागि पुस्तकालय , गुणस्तरीय प्रयोगशाला र अतिरिक्त क्रियाकलापका लागि प्रदेश सरकारको सहकार्यमा खेलमैदान व्यवस्थापनमा जोड दिइनेछ । सामुदायिक विद्यालयहरूको पूर्वाधार विकास गर्दै संस्थागत क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

- सामुदायिक विद्यालयवाट एस. ई. ई .मा उत्कृष्ठ नतिजा हासिल गर्ने एक छात्रा र एक छात्रलाई जनही रु ५००००।०० वाट पुरस्कृत गरिनेछ ।

- कक्षा कोठाको शिक्षण सिका इलाई प्रभावकारी बनाउन शिक्षकहरूको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ ।

- शिक्षासँग सम्बन्धित कार्य गर्ने गैरसरकारी संघसस्थाहरूसँग समन्वय गरी नगरपालिकाको शैक्षिक विकासमा एकीकृत कार्यक्रम सञ्चालन गरिने छ ।

- सरकारी नीति अनुसार माध्यमिक तहको निशुल्क शिक्षाके लागि १२ कक्षा सम्म सञ्चालित विद्यालयलाई अनुदान दिई सबैलाई निशुल्क शिक्षामा जोड दिईनेछ ।

- नगर शिक्षा समितिलाई शैक्षिक गुणस्तर विकास गर्ने प्रयोजनका लागि प्रेरित गरिनेछ र विद्यालयहरूको निरन्तर नियमन अनुगमन गरिनेछ ।

- न्युन पारीश्रमिकमा काम गरि रहेका बालकक्षा शिक्षिका र कर्मचारीहरुको प्रोत्साहनलाई निरन्तरता गरिनेछ

- यस नगर क्षेत्रमा रहेको एक मात्र क्याम्पस सौठा बहुमुखी क्याम्पस सञ्चालन ब्यवस्थित रुपमा गरिनेछ।

- नगरपालिका भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट भईरहेको पठन पाठन कार्यलाई निरन्तरता दिदै थप कक्षामा समेत विस्तार गर्दै लगिनेछ ।
- नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरुको शुल्क निर्धारणको लागि मापदण्ड बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- बिद्यालय जाने उमेर पुगेका बालबालिकाहरुलाई विद्यालय सम्म पहुँच पुऱ्याउन संचालन गरिने विद्यालय भर्ना अभियानलाई निरन्तरता दिईनेछ ।
- मदरशा तथा गुरुकुल लगायतका धार्मिक विद्यालयहरुलाई समय अनुकुल ब्यवस्थापन र सुधार गर्दै लगिनेछ ।

**७ युवा, खेलकुद तथा स्वरोजगार तर्फ**

- नगर क्षेत्र भित्रका युवाहरुलाई स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न उद्यमशिलताको विकास, स्वरोजगार र आय आर्जनमा केन्द्रित तालिम प्रदान गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र व्यवस्थित रंगशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ निर्माणधिन गडीमहाराजथान रंगशालालाई खेलकुद गतिविधि सञ्चालन गर्न योग्य वनाईनेछ । नगर क्षेत्रमा रहेका खेल मैदानको विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । खेलकुद प्रतियोगिताको लागि तयार गरिएको नगर स्तरीय टिमलाई प्रशिक्षणको माध्यमवाट थप शसक्त वनाउदै व्यवस्थित गरिनेछ । मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईने छ ।
- नगर भित्र हुने खेलकुद गतिविधिलाई ब्यवस्थित गर्न नगर स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

**८. लक्षित समूह विकास कार्यक्रम**

- चेतनाको कमिको कारण विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय सम्म पहुँच नपुगेका विपन्न महिला, दलित, आदिवासी जनजाति, अपांग, मधेसी, मुस्लिम, बालबालिका लगाएतका

वर्गको लागि बिद्यमान ऐन तथा नीति नियम सम्बन्धि अभिमुखिकरण तालिम कार्यक्रम संचालन गरिने छ ।

- जेष्ठ नागरिक एवं बृद्ध बृद्धाहरुका लागि चौतारी निर्माणमा सहयोग गरिने छ । नगर भित्रका जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- अपांगता भएका व्यक्तिहरुको लगत अद्यावधिक गरी सामाजिक सुरक्षाका कार्यकमहरु संचालन गरिनेछ ।
- अपांगता भएका ब्यक्तिहरुको शारिरीक क्षमता र रुचीका अधारमा विभिन्न सिपमूलक तालिमहरु प्रदान गरि स्वरोजगार र स्वावलम्बन बनाउदै लगिनेछ ।
- बालबालिकाहरुको शिक्षाको अधिकार सुनिश्चित गर्न विद्यालयहरुलाई बालमैत्री कक्षा कोठा तथा शौचालय निर्माण र पुस्तकालय व्यवस्थापनमा सहयोग गरिनेछ ।

**९. सामाजिक सुरक्षा तथा सामुदायिक विकास तर्फ :**

- यस नगरपालिकाको वडा नं. १ मा जन्मिएर अध्ययनको क्रममा मेची क्याम्पस भद्रपुर झापामा अध्ययनरत रहेको वेला २०४६ सालको संयूक्त जनआन्दोलनका प्रथम शहिद स्व. राम थापाको शालिक रतुवामाई-१,कल्याणपुरमा निर्माण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्य अनिर्वाय रुपमा बैंक मार्फत वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- जेष्ठ नागरिकहरुलाई नगरको सम्पत्तिको रुपमा ग्रहण गरी उहाँहरुको अनुभवलाई समाज विकासमा लगाउने वातावरण निर्माण गरिनेछ ।
- बिपद पूर्ब तयारी, बिपद्को समयमा राहत तथा पुनरस्थापना कार्यमा सहयोग गर्न स्थानीय बिपद जोखिम ब्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने छ । विपद व्यवस्थापन समितिलाई सकृय वनाईनेछ ।
- वक्राहा र रतुवा खोलाको व्यवस्थापनमा विशेष जोड दिईनेछ ।
- विपद् ब्यवस्थापनको लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्यमा कार्यकम संचालन गरिनेछ ।
- दाईजो प्रथा, छुवाछुत, जातीय भेदभाव, बोक्सी आरोप जस्ता सामाजिक कुसंस्कार र कुरीतिहरुलाई निरुत्साहित गर्दै लगिनेछ ।
- खुल्ला वोर्डर समेतको कारणले यूवा माझ बढी रहेको लागु औषध दुर्ब्यसनलाई छिमेकी मुलुकको स्थानीय तह र प्रहरी प्रशासन समेतको सहयोगमा नियन्त्रण गर्दै प्रचारात्मक कार्यक्रम समेत सञ्चालन गरिनेछ ।
- गरिव परिवारहरुको पहिचान गरि त्यसता परिवारहरुलाई रतुवामाई आवास कार्यक्रम सञ्चालन गरि घर निर्माणमा सहयोग गरिनेछ ।
- दाह संस्कार स्थलको दुरी टाढा भएकोले **शव घर देखि घाट सम्म** लैजान शवयात्रा वहान सञ्चालन गरिनेछ ।

**१०. शहरी सुबिधा ब्यवस्थापन :**

- नगर भित्रका सडकहरु नगरपालिकाले तोकेको मापदण्ड बमोजिम हुने गरी कायम गर्दे लगिनेछ ।
- नेपाल सरकारले तयार गरी लागू गरेको वस्तीविकास तथा भवन निर्माण मापदण्ड एवं भवन आचार संहितालाई यस नगरपालिकामा पनि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

- कुनै योजना र दृष्टिकोण विना नै जथाभावी जग्गा प्लटिङ गरी बेच्ने कार्य भईरहेकोले नगरपालिका क्षेत्र भित्र नगरपालिकाको स्वीकृती बेगर कुनै पनि तरिकाले जग्गा प्लटिङ गर्ने तथा बेच बिखन गर्न पाईने छैन । नगरपालिकाको स्वीकृती बेगर मापदण्ड बिपरित जथाभाबी प्लटिङ गरी निर्माण गरिएका सडकहरुमा नगरपालिकाबाट पूर्बाधार बिकासमा लगानी नगर्ने नीति लिईने छ ।
- आगलागीका घटनाहरु नियन्त्रणका लागी छिमेकी स्थानीय तहहरुसँग समन्वय गरी बारुण यन्त्र (दमकल) सञ्चालनको व्यवस्था मिलाईनेछ ।
- **"फोहोर गर्नु दण्डनीय अपराध हो"** भन्ने कुरालाई समाजमा स्थापित गरी आफुले उत्पादन गरेको फोहोर आफैंले व्यवस्थापन गर्ने परिपाटीको शुरुवात गरिनेछ ।
- स्वच्छ खानेपानीमा सबैको पहुँच अभिबृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्रमा रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अभिलेख राखी अतिक्रमण नहुने गरी संरक्षणको व्यवस्था गरिनेछ ।
- सुकुम्वासीहरुको लगत संकलन र पहिचान गरि सुकुम्वासी समस्याको समाधानका लागि संघ, प्रदेश सरकार र गैसस आदिको सहयोगमा जनता आवास कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- गरिवसँग विश्वेश्वर कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
- नगर क्षेत्र भित्र सञ्चालनमा रहेका हाट वजारलाई व्यवस्थित गर्दै लगिनेछ ।

**११. उद्योग तथा ब्यापार :**

- घरेलु तथा साना उद्योगको स्थापना, विकास र प्रर्वद्धनमा जोड दिईनेछ ।
- संघीय सरकारको एक स्थानीय तह एक औद्योगिक ग्रामको कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ब्यवस्था मिलाईनेछ ।
- औद्योगिक क्षेत्रमा बाह्य लगानी बढाउन आवश्यक पहल गरिनेछ ।
- ब्यापारको विकास र प्रर्वद्धनका लागि सहकारीको अवधारणालाई प्रर्वद्धन गर्दै लगिनेछ ।
- ब्यापारको विकास र प्रर्वद्धनको लागि पूर्वाधार विकास र वजारीकरणको समुचित ब्यवस्था गरिनेछ ।

**१२. सूचना तथा सञ्चार तर्फ :**

- सार्वजनिक सूचनाको प्रवाह, सार्बजनिक सुनुवाई र सार्बजनिक परिक्षण जस्ता कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।
- नगरपालिकाको सबै क्षेत्रमा संचार सेवा सहज र भरपर्दो बनाउन नेपाल टेलिकम, एनसेल जस्ता निकायहरुमा आवश्यक पहल गरिनेछ ।
- नगरपालिकाको आवश्यक सूचनाहरु वेभसाईट, फेसबुक पेज मार्फत जनता समक्ष सार्वजनिक गरिनेछ । आ.व. ०७६।७७ सम्ममा सबै वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाउदै विद्युतिय शासन सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको सूचना प्रवाहलाई अझ प्रभावकारी बनाउन स्थानीय छापा तथा विद्युतिय सञ्चार माध्यमहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- रतुवामाई नगर क्षेत्र भित्रवाट प्रकाशित भई स्थानीय सूचना र समाचारहरुको प्रवाह तथा सम्प्रेषण गर्ने एक मात्र पत्रिका रतुवामाई खबर साप्ताहिक पत्रिकालाई प्रोत्साहन गरिनेछ ।
- यस नगरपालिकाका सबै वडा कार्यालयहरुमा अप्टिकल फाईवर जडान गरि ईन्टरनेटको व्यवस्था गरिनेछ ।

- नगरका व्यस्त वजार क्षेत्रहरुमा Free wifi प्रदान गरिनेछ ।
- नगर क्षेत्रका सिजुवा वजार, दाम्रभिट्टा वजार, मिलन चौक, आमवारी चौक, कादुपाढा चौक,सौंठा चौक, सोमवारे वजार क्षेत्रमा CCTV जडान गरिनेछ ।

**१४.स्वास्थ्य सम्बन्धी :**

- हालै अस्पतालको स्वीकृत पाएको यस नगरपालिका अन्तरगत वडा नं. ४ मा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्र झुर्कियालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने वनाउदै लगिनेछ स्वास्थ्य चौकीहरुको क्षमता विकास गरी जनताले स्वास्थ्य संस्थाबाट पाउने सेवा सुविधाको गुणस्तर बृद्धि गर्दै लगिनेछ ।
- नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने भनि निर्धारण गरेका औषधीहरुको सहज उपलब्धताको लागि आवश्यक व्यवस्था मिलाउदै गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सूनिश्चित गर्ने ब्यवस्था मिलाईनेछ ।
- पाठेघर मुखको क्यान्सर तथा स्तन क्यान्सर सम्बन्धि स्क्रिनिङ्ग शिविर सबै वडाहरुमा सञ्चालन गरि क्यान्सर देखिएमा उपचारको लागि क्यान्सर अस्पताल सम्म जान यातायात खर्च रु.५०००।०० उपलब्ध गराउनुका साथै नेपाल सरकारले सरकारले छुट सुविधा दिएका दीर्घ रोगीहरुलाई रु. ५०००।०० यातायात खर्च उपलब्ध गराउने नीति लिईनेछ । स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरिनेछ ।
- स्वास्थ्य प्रर्वद्धन अभियान शुरुवात गरि हरेक नगरवासीलाई सन्तुलित भोजनको सेवन, नियमित ब्यायाम तथा स्वास्थ्य परिक्षण गर्न जनचेतना फैलाउने, विभिन्न सरुवा रोगहरु सम्बन्धि स्वास्थय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- मधुमेहका विरामीहरुलाई नगर क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुवाट निशुल्क रुपमा सुगर जाँच गर्ने ब्यवस्था मिलाईनेछ ।
- आँखा शिविरहरु सञ्चालन गरि मोतीविन्दु फेला परेमा आँखा अस्पतालसँगको सहकार्यमा निशुल्क शल्यक्रिया गर्ने ब्यवस्था मिलाईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चाालिन गरिनेछ ।आमा समूहरुलाई समेत सामाजिक कार्यको लागि प्रोत्साहित गरिनेछ ।
- महिलाहरूको स्वास्थ्य समस्या पहिचान गरी रोग निदान गर्नका लागि महिला विशेष स्वास्थ्य शिविर सञ्चाहलन गरिनेछ ।
- **स्वास्थ्य, नागरिकको अधिकार"** भन्ने मूल मन्त्रलाई आत्मसात गरी स्वास्थ्य सेवामा सबैको पहुँच पुर्या उने स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- **नेपाल सरकार**
- नगरक्षेत्रभित्र गैहृकानुनी रुपमा सञ्चालित क्लिनिक तथा औषधि पसलहरूलाई नियमन गरी कानुनी दायरामा ल्याइनेछ । स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई चुस्त , पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नागरिक संलग्नेतामा सेवा प्रवाहको मूल्यांकन गर्ने व्यवस्था लागू गरिनेछ । स्वास्थ्यसँग सम्बन्धित

व्यवसायिक संस्थाहरूलाई थप जिम्मेवार र जवाफदेही बना इनेछ। स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई चुस्त र जिम्मेवार बनाउन वार्षिक रुपमा सामाजिक परीक्षण गरिनेछ।

- बाल तथा मातृ मृत्युदर घटाउन स्वास्थ्य तथा पोषण शिक्षा , प्रजनन स्वास्थ्य , सुरक्षित मातृत्व , बाल तथा शिशु स्वास्थ्य सेवाका कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

- स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि संघ र प्रदेश सरकारका सम्बन्धित निकायसँग साझेदारीमा कार्य गरिनेछ।

- **म"जिउँछु, निरोगी जीवन"** भन्ने अभियानको सुरुवात गरी महिनामा एक पटक स्वास्थ्य जाँच गर्न हरेक नागरिकलाई अभिप्रेरित गर्ने , सन्तुलित र पोषणयुक्त खानपानका लागि जनचेतना फैलाउने र स्वास्थ्य जाँच गर्ने बानीको विकास गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चातलन गरिनेछ। आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक अधिकारको रुपमा रहेकोले स्वास्थ्य संस्थाबाट निशुःल्क प्रदान हुँदै आएको प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउँदै लगिने छ। नगर क्षेत्रभित्रका सवै नागरिकहरुको वर्षमा एकपटक स्वास्थ्य परिक्षण गर्न पहल गरिनेछ।

- नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रम लागु गरिनेछ। महिनावारीका लागि सुरक्षित सामाग्री वितरण कार्यलाइ थप प्रभावकारी वनाइने छ।

**१५.कर प्रशासन तर्फ :**

- आन्तरिक आय मजबुत नबनाएसम्म स्थानीय तहहरू समृद्ध र समुन्नत बनाउन नसकिने भएकोले आन्तरिक आय बृद्धि गर्न करका दर र दायराहरुलाई फराकीलो बनाउदै लगिनेछ।
- राजस्व परामर्श समितिबाट प्राप्त सुझावहरुको आधारमा कर प्रणालीलाई बैज्ञानिक र व्यवस्थित बनाईनेछ।
- नगर क्षेत्रका ऐलानी तथा पर्ति जग्गामा बसोवास तथा उपभोग गर्ने नगरवासीहरुलाई वहाल विटौरी करको दायरामा ल्याउने नीतिलाई निरन्तरता दिईने छ।
- राजश्व प्रशासनलाई वर्तमान परिप्रेक्षमा प्रविधिमैत्री बनाउदै सुधारका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**१६.न्यायिक समिति :**

- न्यायिक समितिलाई श्रोत साधनयूक्त बनाउदै क्षमता अभिबृद्धिको लागि आवश्यक व्यवस्था गरिनेछ।

**१७. नगर प्रहरी**

- यस नगरलाई व्यवस्थित बनाउदै लैजाने उद्धेश्य अनुरुप नगर प्रहरीकोको ब्यवस्था गरिनेछ।

**१८..बिबिध :**

- छिमेकी मुलुक भारत संग सीमाना जोडिएका यस नगरपालिकाका कुटुमगञ्ज, डोरिया तथा छलगाछी जस्ता स्थानमा साविकका भन्सार कार्यालयहरुलाई सेवा विस्तार सहित पुनःस्थापनाका लागि सम्बन्धित मन्त्रालयमा पहल गरिनेछ।

- जनताका गुनासो तथा समस्याहरु पहिचान गरी समाधान गर्न तथा नगरपालिका र नगरवासी विच सधै सुमधुर सम्बन्ध कायम गर्न हाल सञ्चालनमा रहेको जनतासँग मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- इलाका प्रहरी कार्यालय, प्रहरी चौकीहरु तथा सशस्त्र प्रहरी बेश क्याम्पहरुको कार्यलाई चुस्त दुरुस्त बनाउने कार्यमा नगरपालिकाले पर्याप्त ध्यान दिनेछ । शान्ति सुरक्षा कायम गर्ने तथा अपराध नियन्त्रण गर्ने कार्यमा सुरक्षा निकायलाई सहयोग गरिनेछ ।
- नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादन, कार्यवोझको अवस्था र अतिरिक्त समयको कार्यलाई मध्यनजर गर्दै प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

नेपाल सरकार तथा प्रदेश सरकारले लिएको **" समृद्ध नेपाल सुखी नेपाली"** बनाउने दीर्घकालीन उ द्देश्य साकार पार्दै जाने , जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने , स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने , आधुनिक प्रविधिको प्रयोग गर्दै वि कासलाई तीव्रताका साथ अघि बढाउन दिगो सुरक्षित पूर्वाधार र संरचना तयार गरी रतुवामाइ नगरपालिकालाई जीवन्त सहर बनाउन हामीलाई प्राप्त अवसर र साधन स्रोतको पूर्ण सदुपयोग गर्ने वाचा सहित सम्पूर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गर्ने प्रतिवद्धतासमेत व्यक्त गर्दछौं ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म आ.व. ०७६/०७७ को लागि अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु । आ.व. ०७६/०७७ मा आम्दानी तर्फ अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत वित्तिय समानीकरण अनुदान रु. १६ करोड १७ लाख, सशर्त अनुदान रु. १९ करोड ५७ लाख, संघिय सरकारबाट राजस्व बाँडफाँड बापत प्राप्त हुने अनुमानित रकम रु.११ करोड ९५ लाख, प्रदेश सरकारबाट राजस्व वाँडफाँडमा रु. ९६ लाख ४० हजार, प्रदेश सरकारबाट वित्तीय समानीकरणमा रु.७८ लाख ५५ हजार, प्रदेश सरकारबाट सशर्त अनुदानमा रु. १ करोड ५० लाख र आ.व. २०७५/०७६को चालु तथा पूँजिगतमा मौज्दात रहन जाने र आन्तरिक श्रोत समेतको अनुमानित रु.३ करोड ३१ लाख १३ हजार १ सय ४४ समेत गरी जम्मा रु. ७८ करोड ५५ लाख ८ हजार १ सय ४४ प्राप्त हुने अनुमानित वजेट उल्लेखित नीति अनुसार विनियोजन गरिएको छ ।

आ.व.०७६/०७७ को नगर विकास योजना तर्जुमाको प्रक्रियामा सक्रिय सहभागिता जनाउनु हुने सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु, अमुल्य सल्लाह, सुझाव दिई आफ्नो सक्रिय सहभागिता जनाउनु हुने राजस्व परामर्श समितिका पदाधिकारीहरु,विषयगत समितिका पदाधिकारीहरु र नगरपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहान्छु ।

अन्तमा यस ,नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न नेपाल सरकार, १ नं प्रदेश . सरकार, माननीय सांसदज्यूहरू विकास साझेदारहरू , निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय , नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरू राजनैतिक दलका पदाधिकारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछौँ।

दयन्तदेवी चुडाल
नगर उप-प्रमुख
रतुवामाई नगरपालिका, मोरङ
मिति : २०७६/०३/१०

धन्यवाद !